# आर्थिक वर्ष २०७९/०८० को निती तथा कार्यक्रम

सिमकोट गाउँपालिका
सिमकोट,हुम्ला
२०७९

मानिनय सदस्य ज्यूहरु,

उपस्थित महानुभावहरु,

पत्रकार साथीहरु,

सिमकोटबासी दाजुभाईतथा दिदिबैनीहरु ,साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभा सफल बनाउन र यसको गरिमालाई बढाउन पाल्नु हुने सबै पेशा, वर्ग, सेवा र समुहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म यस गाउँपालिकाको जन निर्वाचित प्रमुख र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवं आभार व्यक्त गर्न चाहन्छु

सर्वप्रथम,नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित,स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

सिमकोट गाँउपालिकाले प्रस्तावित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मुलत:नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि ,आर्थिक अधिकार, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, संघिय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु , स्थानिय शासन संचालन ऐनका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण , दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन , खाद्य तथा पोषण सुरक्षा , लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश मन्त्रालयहरु र अन्यबाट प्राप्त मार्गदर्शन , सरकारी गैर सरकारी संस्था तथा निकायहरुको प्राप्त विवरण र संघिय र प्रदेश सरकारले प्रदान गरेको बजेट सिलिङ , सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम , वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार

मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता, सास्कृतिक विविधता, मेहनती र परिश्रमी जनता , भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ ।कृषि तथा औषधिजन्य जडिबुटीहरु , पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको सिमकोट गाँउपालिकामा दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन । हामी सबै जानकार नै छौं,हाम्रा चाहना र आवश्यकताहरु असिमित छन, तर स्रोत र साधन सिमित छ । सिमित स्रोत र साधनको न्यायोचित वितरण तथा अधिकतम् प्रयोगबाट समग्र गाउँपालिका क्षेत्रका आम नागरीकको विकास तथा परिबर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिने छ । तसर्थ सिमित स्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समूदायको अधिकतम जनसहभागिता, सहकार्य तथा सामूहिक स्वार्थ र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ हो । यसलाई कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनैतिक दल, कर्मचारी, विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्था, विकास प्रेमी ब्यक्तित्वहरु तथा निर्वाचित पदाधिकारी ज्यूहरुसंग सहयोग एवं सहकार्यको आशा र अपेक्षा गरेको छु ।

जनताको अभिमत सहित हामी निर्वाचित भएर यस गाउँपालिकाको विकासमा योगदान गरी गाउँपालिकालाई सम्बृद्धि तर्फ लैजानका लागि अठोट एवं उद्देश्यका साथ आएका छौ । गाउँपालिकामा रहेका विविध समस्या र चुनौतिका वावजुत पनि यस गाउँपालिका क्षेत्रको समृद्धि र विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ हामी निर्वाचित पदाधिकारीहरु निकै सचेत रहि गाउँपालिकालाई विकास तर्फ डोऱ्याउन उद्धत रहने छौं भन्ने ब्यहोरा जानकारी गराउन चाहन्छु । जनताको आकांक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु ।

माननीय सभाध्यक्ष ज्यू ,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,
बजेट तथा कार्यक्रमको उदेश्यर मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**माननिय सदस्यज्यूहरु,**

यस गाउँपालिको आगामी आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम राज्यको लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा, नेपाल सरकारले लिएको "समृद्ध नेपाल सुखी नेपाली" बनाउने दीर्घकालीन सोच समेतका आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका/पारिएका समुदायहरुलाई समेत उच्च प्राथमिकतामा राख्दै र आम गाउँपालिकाबासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ ।

१ सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले गाउँपालिकाका कार्यहरुमा पारदर्शिता,आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भ्रष्टाचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ ।

२दिगो अर्थतन्त्रका लागि कृषि सुधार कार्यक्रमहरु संचालन गरी एक घर एक बगैंचा नीतिलाई निरन्तरता दिईनेछ ।पशुपालन र जडिबुटीजन्य उत्पादनका लागि प्राथमिकतामा राखिनेछ ।साथै जडिवुटी संकलनका लागि न्यायिक नियमन गरिनेछ ।
३छाडाकुकुर र पशुबस्तुहरुको उचित व्यवस्था गरिनेछ।

४ समता, समानता र सशक्तिकरणको नितिलाई अबलम्बन गर्दै बालमैत्री , अपाङ्गमैत्री, लैङगिक मैत्री तथा छुवाछुतमुक्त गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
५ बाटोको लगत कट्टा गर्ने र नयाँ घर बनाउदा अनिवार्य नक्सापास गराइनेछ ।

६ व्यवसाय करलाई अनिवार्य गराइनेछ ।

७ जग्गाको वर्गीकरण गरिनेछ ।

८ प्रारम्भिक बालविकास गुणस्तर शिक्षा स्तरिय स्वास्थ्य सेवा सुदृढ सरसफाई तथा खानेपानी सुविधा सामाजिक सुरक्षामा सहज पहुँच र उपभोग सुनिश्चित गरिनेछ ।

९ यातायात बजार र सुरक्षित आवास स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विस्तार र स्तोरन्नती गरिनेछ ।

१० विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री उत्थानशिल र दिगो बनाउने र अन्तर सरकार सहकारी निजि क्षेत्र समुदाय र नागरिक समाजको समन्वय साझेदारी र सहकार्यलाई अभिबृद्धि गरिनेछ ।

११ पर्यटन उद्योगको उच्च संभावना भएको हुँदा पर्यटन पूर्वाधार विकासमा थप प्राथमिकता दिइनेछ ।

**माननिय सदस्यज्यूहरु,**

अव म यस गाउँपालिकाको आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

## १. आर्थिक विकास :

### कृषि तथा पशु :

१. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलताको प्रवर्द्धन गर्न मल,बिउ,कीटनाशक औषधीको उपलब्धता,उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन र बजार ब्यबस्थामा सहजीकरण गरिनेछ ।

२. गाउँपालिका भित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकलन गरी सोको पूर्ण उपयोगको ब्यबस्था मिलाउन भूमी बैंकको अवधारणा कार्यान्वयन गरी यसलाई प्रोत्साहित गर्न कर सहुलियत तथा अनुदानको ब्यबस्था गरिनेछ ।

३ कृषिलाई आधुनिक तथा ब्यबसायिकरण गरी रोजगारी मार्फत गरीबि न्यूनिकरणमा टेवा पुऱ्याउने गरी कार्यक्रम तथा योजना तयार गरिनेछ ।

४. जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकिय क्षेत्रको नमुना गन्तव्य बनाइने छ ।

५.  दिगो अर्थतन्त्रको विकासका लागि गाउँपालिकामा**"एक घर एक बगैचा"** को नीतिलाई **निरन्तरतादिई**नेछ ।

६ **कृ**षि उत्पादन राम्रो हुने क्षेत्रको पहिचान गरी उक्त क्षेत्रहरुलाई एकल कृषि उत्पादन पकेट क्षेत्र घोषणा गरिनेछ । सोको लागि माटो परिक्षण, कृषि प्रबर्द्धन र विकास गर्न आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गरीनेछ ।
७ उन्नत जातको पशुपालनका लागि नश्ल सुधार तथा कृतिम गर्भाधारण कार्यक्रममा जोड दिदै बाख्रा , भेडा, च्याङग्रापालन, मौरीपालन, तथा मत्स्य पालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

**सहकारी नीति :**

१ "**समृद्धिको लागि सहकारी अभियान**"लाई सफल पार्न साना व्यबसायमा संलग्न व्यक्ति वा समूहलाई सहकारीमा आबद्ध गराई आत्मनिर्भर गराउने नीति लिइनेछ ।

२. विद्युतीय प्रणाली मार्फत सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिने कार्यलाई निरन्तरता दिइ थप प्रभावकारी बनाइनेछ । सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि एकीकरण गर्ने कार्यलाई प्रोत्साहन दिईनेछ ।

३. सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

४ गाउँपालिका क्षेत्र भित्र छरिएर रहेका एवं व्यवस्थित हुन नसकेका सहकारी संस्थाहरुको तथ्याकं संकलन गरी सरोकारवला निकायसँग छलफल एवं वहस गरी सहकारी संस्थाहरुको आवश्यक व्यवस्थापन गरीनेछ ।

<u>उद्योग तथा वाणिज्य</u>

१ स्थानिय जडिबुटी तथा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइनेछ ।

२ स्थानिय उत्पादनमा आधारित सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ ।साथै स्थानिय उत्पादन बस्नुहरुलाई प्रयोगमा ल्याउन जोड दिइनेछ ।

पर्यटन

१गाउँपालिकाका सम्भाव्य पर्यटकिय स्थलहरुको पहिचान, संभाव्यता अध्ययनगरि सो को लागिवृतचित्र निर्माण तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।

२पर्यटकिय गन्तव्यको रुपमा रहेको मानसरोवर कैलाश दर्शनमा आउने पर्यटकहरुको ट्रान्जिट स्थल सिमकोट गाउँपालिका रहेको हुदाँ ती पर्यटकहरुको यस गाउँपालिकामा one day stay गराई लम्ब्याउन गाउँपालिका भित्रका पर्यटकिय स्थलहरु खार्पुनाथ मन्दिर , शिब मन्दिर , रलिङ तिर्थ , पञ्चमुखीहिमाल, दुधेदह, लडे दह चाङला हिमाल लगायतको थप विकास, विस्तार र सुधारमा विशेष ध्यान दिईनेछ । साथै प्रचार प्रसारमा जोड दिइनेछ ।

**सार्वजनिक निजी साझेदारी नीति :**

सार्वजनिक निजी साझेदारीमा संचालन गरिने कार्यक्रमलाई प्राथमिकता दिइनेछ । सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरुको पहिचान, अध्ययन, विश्लेषण, मूल्यांकन तथा छनौट गरि अघि बढाइनेछ । जनस्वास्थ्य, शिक्षा, उद्यमशीलता तथा वातावरणको दिगो विकासको लागि Public private Partnershipकार्यक्रमको शुरुआत गरिनेछ ।

**२.सामाजिक विकास**

शिक्षा

१ सिमकोट गाउँपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक तथा प्राविधिक सुविधाको विस्तार गरिनेछ ।

२ गाउँपालिका भित्र रहेका विद्यालयहरुबाट गरिब तथा जेहेन्दार छात्राछात्रहरुलाई प्राविधिक तथा उच्च शिक्षाका लागि उचित छात्रवृतिका लागि पहल गरिनेछ ।

३  गाउँपालिकाभित्र रहेका विद्यालयहरुमा विद्यार्थि भर्नादर १००   %पुर्याउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

४ विद्यार्थी शिक्षक अनुपात हेरी विभिन्न कानुनी नियमहरु बनाई आन्तरिक अनुदान दिने व्यवस्था मिलाउन आन्तरिक आय बढाउन जोड दिइनेछ ।

५ लोकसेवा आयोगको तयारी कक्षा संचालन गरिनेछ ।

६ पुरानो संस्कृति जगेर्नाको लागि उचित व्यवस्था गरिनेछ ।

७ रोजगार मुलक बार्यक्रमलाई प्रथामिकता दिईनेछ ।

८ बालबिबाहलाई न्यूनिकरण गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

९ सामाजिक रुपान्तरण क्षेत्रमा कार्यरत संघ संस्थाको संस्थागत विकास कार्यहरुमा जोड दिईनेछ ।

१०  स्थानीय मातृभाषालाई प्रर्वद्धिकरण गरिनेछ ।

११  सिमकोट क्षेत्रमा संग्राहलय भवनको लागी सम्बन्धित निकायमा पहल गरिनेछ ।

१२  दलित,अपाङग,सहिद परिवार , द्वन्द्वपिडीत र अति विपन्न परिवारका छात्र/छात्राहरुलाई SEE ट्युसन फिसको व्यवस्था गरिनेछ ।

**३ स्वास्थ्य तथा पोषण नीति :**

**१.सर्बब्यापी पहुँचको अवधारणा अनुसार पालिका बासी**द्वन्द्वपिडीत एकल महिला जेष्ठ नागरिक अपाङगता सुत्केरी महिला र दीर्धरोगी   हरुलाई**निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ।**

**२. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ।**

**३ पालिका भित्र सञ्चालन हने सामुदायीक, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित**

**गर्न प्रभाबकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यबस्था मिलाइने छ ।**

५ यस गाउँपालिका भित्रका निजी तथा सामुदायीक विधालयका बिधार्थीहरुलाई नियमित स्वास्थ्य जाँच गरिनेछ ।

**६ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथैपेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र ब्यवस्थापन गरीपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरि जेष्ठ नागरिक,**अपाङग, असाहय असक्त महिलाहरुलाई घरदैलो कार्यक्रम मार्फत स्वास्थ्यसेवा प्रदान**गरिनेछ ।**

७ शिविर मार्फत विषेशज्ञ स्वास्थ्य सेवा गाउँघरमा पुर्याईनेछ ।
८ अध्यक्ष उपाध्यक्ष ल्याउदैछन कोशेली गाउँटोल हामी खुसियाली कार्यक्रम मार्फत गर्भवती र सुत्केरी महिलालाई प्रोत्साहन गरिनेछ ।

४ <u>खानेपानी तथा सरसफाई</u>

१ सफा खानेपानी तथा पुर्ण सरसफाईका लागि विशेष ध्यान दिईनेछ ।

२ सिसा र प्लास्टिक रहित गाउँपालिका निर्माणका लागि विभिन्न कार्यक्रमहरु घोषणा गरिनेछ ।

३ सफा र स्वच्छ सिमकोट गाउँपालिका निर्माणको लागि त्यहाँवाट निस्कने फोहरमैलाहरुको उचित व्यवस्थापन गर्न जग्गा प्राप्ति र दिर्घकालिन डम्पिङ साइट निर्माणका लागि विशेष जोड दिइनेछ ।

४ खानेपानी आयोजनाहरुको पहुँच एवं सेवा विस्तारका लागि एक घर एक धाराको नीतिलाई अवलम्बन गरी खानेपानीको गुणस्तरलाई कायम राख्दै सुरक्षित खानेपानीयुक्त समुदाय घोषना गर्ने अभियानलाई प्राथमिकताका दिइनेछ ।

५ विद्यालयहरुको लागि खानेपानी सरसफाई तथा स्वच्छता अवस्थाको सुधार एवं व्यवस्थापनका लागि विद्यालयमा ३ तारे पद्धतिको अवलम्बन गरिन्छ ।

६ सिमकोट गाउँपालिकाका अन्तर्गतका सबै बस्तीहरुमा क्रमश पुर्ण सरसफाई कार्यक्रममा सहभागि गराइ अगाडि बढाइने नीति लिइनेछ ।

## ५ लैङ्गिक समता समानता एंव समाजिक समावेशीकरण

१ महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका बर्गलाई लक्षित कार्यक्रमहरु उनिहरुबाटै संचालन गर्न उत्प्रेरित गरिनेछ ।राष्ट्रिय मुलप्रवाहीकरणको नीति अवलम्बन गरिनेछ ।

२ मानव वेचविखन, घरेलु हिंसा, बालश्रम छुवाछुत तथा सामाजिक कुरितीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणको प्रयास खोजिनेछ ।

३ महिला, बालबालिका , दलित , अपाङ्ग , जेष्ठ नागरिक , असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम संचालनमा सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ ।साथै संचालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

४ खेलकुद विकासको लागि खेलकुद सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरि खेलकुद विकासमा विशेष जोड दिइनेछ ।

## ६.पूर्वाधार विकास

सडक तथा पुल

१ यस गाउँपालिकाको भौतिक पुर्वाधारका सम्पुर्ण प्रगतिलाई आधुनिकिकरण गर्न थप टेवा पुगोस् भनि भौतिक पुर्वाधार प्रोफाइल तयार गरी थप दक्ष जनशत्ति उत्पादनका लागि प्रभावकारी कार्यावन्यन गरिनेछ ।

२ सिमकोट गाउँपालिकाको केन्द्र देखी सबै वडाहरु सम्म मोटरबाटो निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइने छ ।साथै यस गाउँपालिका तथा समग्र हुम्ला जिल्लाको उत्तर र दक्षिण दुबै भागबाट सडक विस्तार । निर्माण कार्यलाई जोड दिन पहल गरिनेछ ।

३ गाउँपालिका भित्र आवश्यक ठाउँहरुका साना पक्की पुल तथा झोलुङे पुल निर्माणमा विशेष ध्यान दिईनेछ । साथै ठुला तथा मोटरे पक्की पुल निर्माणका लागि सम्बन्धीत निकायाहरु संग पहल गरिनेछ ।

४ गोरेटो र घोरेटो बाटो निर्माण विस्तार तथा सुधारमा ध्यान दिइनेछ ।

५ यस गाउँपालिकाको केन्द्र सिमकोट देखि सबै वडासम्म ज्ञण मि चौडा सडक संचालको लागि यस आ व ०७९।०८० मा उचित बजेट छुट्याइनेछ ।

६ सिमकोट गाउँपालिकामा संचालित सबै सडक नियमित संचालनमा ल्याउन सडक मर्मत कोषको व्यवस्था गरिनेछ ।

<u>सिचाई</u>

१ परम्परागत तथा आधुनिक सिचाई योजनाहरु ( थोपा स्प्रिङकल लिफ्ट आदी ) लाई विशेष प्राथमिकतामा राखिनेछ ।

२ गाउँपालिका भित्रका सबै कृषि योग्य जमिनहरुमा सिचाई हुने व्यवस्था मिलाईनेछ ।

<u>भवनतथासहरीविकास</u>

१ वडा कार्यालयहरु स्वास्थ्य चौकीहरु विद्यालयहरुका भवन निर्माण गराउन आवश्यकता अनुसारउच्चप्राथमिकतादिईनेछ।

२ सम्भाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालन गर्न पहल गरिन्छ ।

३ भवन निर्माण तथा सहरी विकास मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ ।

४ <u>लघु उर्जा तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)</u>

१ गाउँपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।

२ लघु जलविद्युत योजनाहरुको लागि विभिन्न सरोकारवालाहरुसँग साझेदारीमा जोड दिइनेछ ।साथै ठुला तथा मझौला जलविद्युत आयोजनाहरु निर्माणका लागि पहल गरिनेछ ।

<u>संचार</u>

१ व्यवस्थित टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराईनेछ ।

२ सुचना र सञ्चारमैत्री गाउँपालिका बनाईनेछ ।

३ विकाससँग सञ्चार र सञ्चारसँगै विकासको अवधारणा आत्मसाथ गरिनेछ ।

**८.वातावरण तथा विपद व्यवस्थापन**

<u>वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायू परिवर्तन</u>

१ भुमि र वनक्षेत्रलाई संरक्षण र विकासका लागि वृक्षारोपणका तथा भु-संरक्षणका कार्यक्रमहरु/क्रियाकलापहरु संचालन गरिनेछ ।

२ जडीबुटी संकलन तथा प्रशोधन व्यवस्थापनमा जोड दिइनेछ ।

३ दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्बन गरिनेछ ।

४ जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।

५ पानीका मुहान तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ ।कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ ।

६ वातावरण संरक्षण र विपद व्यवस्थापनका लागि विभिन्न सामाजिक संघ संस्थाहरु सँग समन्वय र सहकार्य गरी अगाडी बढिनेछ ।

फोहरमैला व्यवस्थापन SANITATY LAND FILL SITES

१ फोहरमैला व्यवस्थापनका लागि फोहरमैला उत्पादनमा कमि गर्ने, पुन प्रयोग गर्ने तथा प्रशोधन (REDUCE, REUSE, RECYCLE) नीति अवलम्बन गरिनेछ ।

२ डम्पिङ साईडको उचित व्यवस्थापन गरिनेछ ।

जल उत्पन्न प्रकोप नियन्त्रण विपद व्यवस्थापन वारुण यन्त्र संचालन

३ गाउँपालिकामा एक विपद व्यवस्थापन कोष निर्माण गरिनेछ । साथै विपद व्यवस्थापन सम्बन्धि विभिन्न निकायहरुसँग उचित समन्वय गरिनेछ ।

## ९.संस्थागत विकास तथा सेवा प्रवाह

मानव संसाधन तथा संस्थागत क्षमता विकास

१ गाउँपालिकाको समग्र विकासका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।

२ सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन र कर्मचारीहरुको क्षमता विकासमा जोड दिइ उनिहरुको मनोबललाई उच्च राखी श्रमलाई सम्मान गर्न कार्यालय समय भन्दा बढी समय काम गर्नुपर्ने कर्मचारीहरुको लागि प्रोत्साहन भत्ता एव पुरस्कारको व्यवस्था गरिनेछ ।

३ स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला सामाजिक संघ संस्थाहरुको साझेदारीमा विशेष जोड दिइनेछ ।

## १०.वित्तिय व्यवस्थापन र सुशासन

राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ती तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- बेरुजु र बेरुजु फर्छ्यौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ ।

## ११ राजश्व परिचालन तथा वित्तिय ब्यबस्थापन नीति :

**१** .सिमकोट गाउँपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा बिस्तार र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

**२** आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र कर परीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।

अन्तमा,

सिमकोट गाउँपालिकालाई विगतको ऐतिहासिक, साँस्कृतिक, समुन्नत बिरासतलाई इतिहास, वर्तमान र भविष्यसंग जोड्दै समृद्धितर्फ लैजाने, जनताको सापेक्ष विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको समिश्रणवाट उत्तर-आधुनिक विकासको खाका कोर्ने र तदानुरुपका अत्याधुनिक पूर्वाधार र संरचना तयार गरी सिमकोटलाई समुन्नत बनाउने सन्दर्भमा हाम्रा प्रयत्नहरु निरन्तर जारी रहनेछन् । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै सिमकोट

गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।